मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : २९५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ असोज ८ गते शुक्रवार (Friday, September 24. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## 'खतरा महशुस भए खबर गर्नुहोस्'

**काठमाडौं, असोज ७।** विस्तारै मनसुनको समय उत्तरार्द्धतर्फ धकेलिएर नेपालीहरुको मुख्य चाड नजिकिएसँगै नेपाल प्रहरीले सुरक्षा निगरानी बढाउन थालेको छ।

चाडपर्वमा विभिन्न आपराधिक समूह सल्बलाउने, आपराधिक गतिविधि तथा दुर्घटना बढ्ने हुँदा गाउँघर तथा छिमेकमा हुने शङ्कास्पद व्यक्तिबारे सूचना दिएर सहयोग गर्न प्रहरीले अपिल गरेको छ।

सम्भावित घटना रोक्न काठमाडौं उपत्यकामा विशेष सुरक्षा योजना लागू गरी प्रहरीले निगरानी बढाइसकेको र अन्य जिल्लामासमेत लागू गर्ने क्रममा रहेको प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवर बताए। उनका अनुसार चार्डवाडका बेला हुनसक्ने अवाञ्छित गतिविधि रोक्न विशेष योजनाका साथ अघि बढ्न सबै जिल्लामा निर्देशन गइसकेको छ।

नेपाली कांग्रेस १४ औं महाधिवेशन :

## १५ पालिकामा निर्वाचन तयारी पूरा

**वितामोड ७ असोज।** एकसय ३१ वटै वडामा सफलतापूर्वक निर्वाचन सम्पन्न भएसँगै झापाका पालिका तहको निर्वाचनका लागि नेपाली कांग्रेस झापा र जिल्ला निर्वाचन समिति झापाले सम्पूर्ण तयारी पूरा गरेको छ।

असोज ९ गते हुने पालिका तहको निर्वाचनका लागि झापाका १५ वटै पालिकामा तोकिएका मतदान अधिकृतहरुलाई पार्टीको विधान, निर्वाचन निर्देशिका र अनुसूचीहरुबारे बिहीबार प्रशिक्षण सम्पन्न भएको बताइएको छ।

नेपाली कांग्रेस झापाका सभापति एवम् कार्यक्रमका सभापति उद्धव थापाले निर्विवाद रुपमा वडा अधिवेशन सम्पन्न गर्ने वडा तहका सम्पूर्ण मतदान अधिकृत र सहायक मतदान अधिकृतहरुलाई धन्यवाद दिंदै पालिका तहको निर्वाचन पनि स्वच्छ, पारदर्शी, निष्पक्ष र सौहार्दपूर्ण वातावरणमा सम्पन्न गर्न आग्रह गरे।

क्रियाशील सदस्यता वितरण र वडा तहको निर्वाचन शान्तिपूर्ण रुपमा भएपछि सबै जिल्ला एवम् केन्द्रमा समेत झापा उदाहरणीय बनेको चर्चा गर्दै सभापति थापाले स्वस्थ प्रतिष्पर्धाका लागि सम्पूर्ण नेता कार्यकर्तालाई आह्वान समेत गरे। लोकतान्त्रिक पद्धति अनुरुप भएको निर्वाचनमा हारजित सामान्य प्रक्रिया भएको भन्दै उनले निर्वाचनपछि पार्टी एकढिक्का हुने विश्वास व्यक्त गरे।

प्रशिक्षणका क्रममा पालिका तहको निर्वाचनमा समावेशी सहभागिता सम्बन्धी व्यवस्थासहितको अनुसूची, निर्वाचन निर्देशिका र विधानका विषयमा उठेका सवालहरुको जवाफ जिल्ला निर्वाचन अधिकृत सुबोधबाबु चिलवालले दिएका थिए।

निर्वाचन सम्पन्न गराउन आफू माध्यम मात्रै भएको बताउँदै जिल्ला निर्वाचन अधिकृत चिलवालले शान्तिपूर्ण, निष्पक्ष र सौहार्दपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गर्न पालिका तहमा खटिएका अधिकृतहरुलाई आग्रह गरे।

नेपाल शिक्षक संघका अध्यक्ष नेत्र खरेलले सहजीकरण गरेको

*(बाँकी अन्तिम पृष्ठमा)*

# भद्रपुरका व्यापारी थप आन्दोलित

■ पार्थ मण्डल

**झापा, असोज ७।** भद्रपुरका व्यापारी तथा कारोबारी दुई दिनदेखि शान्तिपूर्ण आन्दोलनमा उत्रिएपछि भद्रपुर भन्सार कार्यालयको कामकाज ठप्प हुनुका साथै राजश्व सङ्कलन प्रभावित भएको छ।

राजश्व अनुसन्धान कार्यालय इटहरीको हस्तक्षेप र ज्यादतीविरुद्ध उनीहरू आन्दोलित बनेका हुन्। आन्दोलनमा उत्रिएपछि दुई दिनदेखि भन्सारको कामकाजसँगै राजश्व सङ्कलन प्रभावित बनेको भद्रपुर भन्सारका प्रमुख भन्सार अधिकृत प्रमोद पौडेलले बताए। सामानको घोषणा गर्न कुनै पनि व्यापारी नआइदिँदा भन्सारको मासिक लक्ष्य पुऱ्याउन कठिन हुन सक्ने उनको भनाइ छ। यता आन्दोलित व्यापारी तथा कारोबारीले

बिहीबार भन्सार कार्यालयको गेट अगाडि नाराबाजी गरे। प्ले कार्ड बोकेर उनीहरूले राजश्व अनुसन्धानको दादागिरी र हस्तक्षेप बन्द गर, व्यवसायीलाई काम गर्न देऊ, व्यवसायीलाई अनावश्यक दुःख नदेऊ जस्ता नाराबाजी गरेका थिए।

भन्सारमा राजश्व तिरेको प्रज्ञापनपत्र र बिल बिजक देखाउँदा-देखाउँदै राजश्व अनुसन्धान कार्यालय इटहरीको टोलीले मङ्गलवार दिउँसो ४ बजे दुई पोका कपडा नियन्त्रणमा लिएको थियो। अनुसन्धान अधिकृत रमेश ओझाको नेतृत्वमा खटिएको टोलीले भन्सारदेखि ५० मिटर दूरीभित्रै ठेलाभेनसहित सो कपडा नियन्त्रणमा लिएपछि व्यापारी तथा कारोबारीले प्रतिकार समेत गरेका थिए।

अंशु इन्टरप्राइजेजका प्रोप्राइटर अंशु मित्तलको नाममा बिलविजक, भन्सार प्रज्ञापनपत्र र भिसिटिएस समेत जारी गरी व्यापारी रञ्जीत रायाले दुई पोका कपडा लैजाँदै गर्दा राजश्वको टोलीले नियन्त्रणमा लिएर वडा प्रहरी कार्यालय भद्रपुरमा राखेकोले बाध्य भएर आन्दोलनमा उत्रिनु परेको उनीहरूको भनाइ छ।

भन्सार तिरेको सामानको राजश्व अनुसन्धान अधिकृत ओझाकै अगाडि गणना गर्दा कुनै अनियमितता नभएको र सो सामान राजश्वले छाड्न नमानेको पीडित रायाले गुनासो गरे। 'सामानमा कुनै गल्ती भए म आफैं इटहरी जान तयार थिएँ'- उनले भने- 'सामान गन्दा भन्सार तिरेको भन्दा पनि परिमाण कम भेटियो, मेरो र भन्सारको कुनै गल्ती देखिएन।' राजश्वले खातापाता लिएर आउनुपर्छ, अनि कानूनी प्रक्रिया अघि बढाएर सामान छाड्छु भन्दै आएको उनको भनाइ छ।

यता आन्दोलित व्यापारी तथा कारोबारीले बुधवार झापा उद्योग वाणिज्य संघ र भद्रपुर नगरपालिका ५ नम्बर वडा कार्यालयलाई ज्ञापन पत्र बुझाएका थिए। राजश्व अनुसन्धान कार्यालयले यहाँका व्यापारीलाई

*(बाँकी अन्तिम पृष्ठमा)*


## कर्मचारी तु-

पिपल सपिङ्ग मार्टलाई निम्न कर्मचारीको तुरुन्त आवश्यकता भएको हुँदा इच्छुक तथा योग्य व्यक्तिले सम्पर्क गर्नुहोला।

| क्र.सं. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १. | Sale Boy / | ५ जना | +२ पास ६ महिना डिपार्टमेन्ट स्टोरमा काम गरेको |
| २. | GirlsCosmetic Girls | २ जना | +२ पास, साथै कस्मेटिक क्षेत्रमा काम गरेको |

एसएलसी पास गरेको तर काममा अनुभव भएका साथै +२ पास गरी काममा अनुभव नभएकाले पनि सम्पर्क गर्न सक्नु हुनेछ।

**आवश्यक कागजात:** नागरिकताको प्रतिलिपि र चार वटा पासपोर्ट साइजको फोटो

**तलब :** आपसी समझदारीमा तय गरिनेछ।

**सम्पर्क गर्ने अन्तिम मिति :** असोज १५ गतेसम्म

**पिपल सपिङ्ग मार्ट**

बिर्तामोड-२, चारपाने (फोन: ९८१४०७५२०१)

## OLD IS GOLD

'गुणस्तरीय र सुलभ शिक्षा, कनकाईको प्रतिवद्धता'

**भर्ना खुल्यो ! भर्ना**

*मेची अञ्चलमै पहिलोपटक २०३५ सालमा अंग्रेजी माध्यमबाट पठनपाठन शुरु भई कक्षा नर्सरीदेखि मास्टर्स डिग्रीसम्म सञ्चालन भइरहेको पूर्वकै ऐतिहासिक शैक्षिक प्रतिष्ठान कनकाई एजुकेशन फाउण्डेशन वितामोडमा शैक्षिक सत्र २०७८ को लागि एमवीएस प्रथम सेमेष्टर तथा कक्षा ११ को व्यवस्थापन, शिक्षा र मानविकी संकाय अन्तर्गतका विषयहरुमा नयाँ भर्ना खुलेको सहर्ष जानकारी गराउँछौं। सीट सीमित भएकोले समयमै भर्ना गरी आफ्नो भविष्य सुनिश्चित गर्नुहोस्।*

**सम्पर्क : ०२३-५४००५५, ०२३-५४००९५ (क्याम्पस प्रशासन)**
**९८५२६७७४९९ (क्याम्पस प्रमुख),**
**९८४२६२६१३९ (प्राचार्य)**
**९८४२६५७९३८ (प्रशासकीय अधिकृत)**

## बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि

**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

नोट: प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ।

# लागूऔषध कारोबारी र तास खेल्ने पक्राउ

**झापा, असोज ७।** मोरङको बिराटनगर महानगरपालिका -१६ दरैया बाट प्रहरीले एक जनालाई लागूऔषध सहित पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सुनसरी इटहरी -१३ का २३ वर्षीय सुशील श्रेष्ठ रहेका छन्। इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले उनलाई लागूऔषध लुपिजेसिक १० एम्पुल, डाईजाल्याब १० एम्पुल, एभिल १० एम्पुल र फेनारगन १० एम्पुलसहित पक्राउ गरेको हो।

उता काठमाडौं, चन्द्रागिरी नगरपालिका -२ नागढुङ्गाबाट नियन्त्रित लागूऔषध ६ सय एम्पुल डाईजेपाम, ६ सय एम्पुल फेनारगन र ६ सय एम्पुल नुफिनसहित बारा आदर्श कोटवाल गाउँपालिका-३ घर भएका २१ वर्षीय जीतेन्द्रप्रसाद यादबलाई प्रहरीले पक्राउ गरेको छ। बाराबाट काठमाडौंतर्फ जाँदै गरेको प्रदेश ०२-०३-००१ ख ०१५८ नम्बरको बसलाई नागढुङ्गास्थित चेकप्वाइन्टमा खटिएको प्रहरीले जाँच गर्ने क्रममा बसमा सवार जीतेन्द्रलाई झोलाभित्र लुकाइ ल्याउँदै गरेको उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

यता बारा, सिमरा उपमहानगरपालिका-१८ कुसमारी टोलस्थित पसहा खोलाको बाँधबाट करिब १० केजी ८ सय ३० ग्राम अवैध लागूऔषध गाँजा सहित निजगढ नगरपालिका-१२ रतनपुर बस्ने ४५ वर्षीय किसाने बिकलाई बिहीबार प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी जैतापुरबाट खटिएको प्रहरीलाई देखेर मोटरसाइकल छोडेर भाग्ने क्रममा उनलाई उक्त परिमाणको लागूऔषधसहित पक्राउ गरेको हो।

त्यसैगरी कागेश्वरी मनोहरा नगरपालिका-७ हरहरमहादेव बस्ने ५५ वर्षीय कमल दाहालको घरमा तास खेलिरहेको अवस्थामा हरहरमहादेव बस्ने दोलखा बैतेश्वर गाउँपालिका-५ घर भएका ३४ वर्षीय मनिकुमार दाहाल समेत १३ जनालाई प्रहरीले पक्राउ गरेको छ। उनको घरमा जुवातास खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी प्रभाग काँडाघारीबाट खटिएको प्रहरीले उनीहरुलाई नगद १८ लाख ७५ हजार ५ सय रुपैयाँ र ७ बुक तासहित पक्राउ गरेको हो।

## भद्रपुरका ...

पटक-पटक अनावश्यक दुःख दिइरहेकोले सहजीकरण गरिदिन भन्दै उनीहरूले सो ज्ञापन पत्र बुझाएका हुन्। पीडित व्यापारीले लिखित रूपमै ज्ञापनपत्र बुझाएपछि बिहीबार सोही विषयमा झापा उद्योग वाणिज्य संघमा पदाधिकारीहरूको बैठक बसेको थियो। बैठकले माथिल्लो निकायलाई तत्काल ध्यानाकर्षण गराउने र राजश्व अनुसन्धान कर्मचारीको ज्यादती र हस्तक्षेपविरुद्ध आवाज उठाउने लगायतको विषयमा छलफल भएको संघका अध्यक्ष नवराज पनेरुले बताए।

राजश्व कार्यालयले पटक-पटक पूर्वाग्रह पूर्वक भद्रपुर भन्सारलाई केन्द्रित गरी व्यापारी दुःख दिने काम गरिरहेको पनेरुले आरोप लगाए। यसभन्दा अघि पनि राजश्वले सामान लोड भएको कालो प्लेट भएका गाडीलाई लगेर थन्क्याइ दिने, व्यवसायीलाई अनावश्यक दुःख दिने गरेको भन्दै पनेरुले कपडाको परिमाण ठीक हुँदाहुँदै पनि राजश्वले खातापाता मगाउने काम गरेको घटना अत्यन्त निन्दनीय रहेको बताए। उनले भने - यस्ता कार्य अविलम्ब रोक्नुपर्छ, नत्र यहाँका व्यवसायीले भन्सारबाट हुने सबै कामको जिम्मा राजश्व अनुसन्धानलाई दिन बाध्य हुनेछन्। 'यस बारेमा तत्काल प्रधानमन्त्री र अर्थमन्त्री कार्यालयको ध्यान जानुपर्छ' -उनले भने। भद्रपुर भन्सारमा काम गर्ने अधिकांश व्यापारी निम्न वर्गका छन्। उनीहरूसँग आफ्नो सवारीसाधन छैन। राजश्वले सामानसहित कालो प्लेट भएको सवारीसाधन नियन्त्रण लिएर राखिदिने डरका कारण थप समस्या उत्पन्न भएको नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य उमेश डालमियाले बताए।

'राजश्वका कर्मचारीले नियन्त्रणमा लिएका सामान ठीक छ वा छैन घटनास्थलमै भन्सार वा आन्तरिक राजश्व कार्यालयसँग सहजीकरण गरिदिएको भए यस्तो विवाद उत्पन्न हुँदैन थियो'- उनले भने। राजश्व अनुसन्धान कार्यालयका कर्मचारीले भद्रपुर भन्सार कार्यालयका कर्मचारीको काम कारबाहीमाथि विश्वास नगर्दा त्यसको असर यहाँका व्यापारी र कारोबारीले भोग्दै आइहेका छन्। राजश्वले पटक पटक पूर्वाग्रह ढङ्गले भन्सार तिरेको सामानमाथि हस्तक्षेप गर्दै आइरहेको यहाँका व्यापारीको भनाइ छ। सानो समस्या ठूलो बनाइदिने राजश्व अनुसन्धानको कामप्रति यहाँका व्यापारी त्रसित छन्।

त्यसैले यस्ता समस्याबाट छुटकारा पाउन चाडपर्वको बेला पनि आन्दोलित हुनु परेको स्थानीय व्यापारी भीमसिंह राजपुतले बताए।

## १५ पालिका ...

कार्यक्रममा नेपाल प्रेस युनियन झापा अध्यक्ष इन्दु पूर्वेली, पूर्व अध्यक्ष कृष्ण हुमागाँई, डेमोक्रेटिक लयर्स एसोसिएसन झापाका अध्यक्ष यज्ञप्रसाद अधिकारी, लगायतको सहभागिता रहेको थियो।

यसैबीच पालिका तहको निर्वाचन सम्पन्न गराउन झापाको मेचीनगरमा हरिप्रसाद अधिकारी, अर्जुनधारामा लक्ष्मीप्रसाद शिवाकोटी, बुद्धशान्तिमा बसन्त नेपाल, बिर्तामोडमा नारायणप्रसाद पौडेल, कनकाईमा खगेन्द्र खरेल, हल्दिबारीमा बोधकृष्ण पौडेल, बाह्रदशीमा अमृतबहादुर बुढाथोकी, भद्रपुरमा मञ्जु दाहाल, कचनकबलमा मित्र खनाल, झापामा जगन्नाथ राजवंशी, शिवसतासीमा प्रकाश भण्डारी, कमलमा कुमार खतिवडा, दमकमा बबुवान दाहाल, गौरादहमा सुरेशकुमार पोखरेल, र गौरीगञ्जमा गोविन्द घिमिरेलाई मतदान अधिकृत तोकिएको छ।

निर्वाचन कार्यतालिका अनुसार मतदान अधिकृत र सहायक अधिकृतहरुले असोज ८ गते निर्वाचन स्थल तय गर्दै व्यवस्थापन गर्नेछन्।

त्यस्तै ९ गते विहान १० बजे मतदाता नामावली प्रकाशन, १२ देखि २ बजेसम्म उम्मेद्वारी दर्ता, २ बजेदेखि २:३० बजेसम्म उम्मेद्वारीमाथि दावी विरोधको कार्यतालिका सार्वजनिक गरिएको छ। त्यस्तै उम्मेद्वारको नामावली प्रकाशन ३ बजे, उम्मेद्वारी फिर्ता ३ बजेदेखि ६ बजेसम्म र अन्तिम नामावली प्रकाशन ६:३० बजे तय गरिएको छ।


## जग्गा बिक्रीमा

झापाको कन्काई नपा-४ कृषि मार्गस्थित ५० फुटे ग्राभेल भएको १०० धुर र पर्यटकीयस्थल जामुनबारी सिमसार जाने बाटोमा रहेको १० धुर जग्गा बिक्रीमा छ।
सम्पर्क : ९८०८४५६५५१

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


## बिमालेख हरायो

बिर्तामोडबाट भिलझिले आउने क्रममा यही मिति २०७८/०५/२७ गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बीमा लेख हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम**:- विष्णुमाया घिमिरे
**ठेगाना**:- शिवसताक्षी न.पा. ११, झिलझिले
**पोलेसी नं.**:- ५९११००१३२५८
**कम्पनी नाम**: नेपाल लाइफ इन्स्योरेन्स क.
**सम्पर्क**: ९८१६९७०९४२

## श्री चन्द्रोदय प्राथमिक विद्यालय, अर्जुनधारा-८, झापाको
# कर्मचारी आवश्यकता

अर्जुनधारा नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाको च.नं. ६०९ मिति २०७८/०६/०५ गतेको विज्ञापन अनुमति पत्र तथा यस विद्यालयको विद्याल कर्मचारी छनौट समितिको मिति २०७८/०६/०६ गतेको बैठकको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको विद्यालय कर्मचारी नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका उम्मेदवारबाट दरखास्त आह्वान गरिन्छ।

**तपसिल**

१) **विज्ञापन नम्बर** ०१/०७८/०७९
२) **पद** : विद्यालय कर्मचारी ३) **पद संख्या** : १ ४) **सेवाको किसिम** : करार
५) न्युनतम् शैक्षिक योग्यता : कक्षा ८ उत्तीर्ण
६) उमेर : १८ वर्ष पूरा गरी ४० वर्ष ननाघेको
७) तलब स्केल : नेपाल सरकारले तोके बमोजिम (न.पा. वा स्थानीय तहले थपेमा सो समेत)
८) परीक्षाको किसिम : लिखित र मौखिक
९) आवेदन दस्तुर : रु. ७००।- (सात सय)
१०) दरखास्त दिने अन्तिम मिति : २०७८/०६/२० गते
११) सम्पर्क मिति : २०७८/०६/२२ गते
१२) परीक्षा मिति र परीक्षा केन्द्रः सम्पर्क मितिमा जानकारी गराइनेछ।
१३) पाठ्यक्रम : विद्यालयले निर्धारण गरे बमोजिम हुनेछ।
१४) रित नपुगेको निवेदनको कुनै कारवाही हुने छैन, आवेदन स्वतः रद्द हुनेछ।
१५) निवेदनका साथ पेश गर्नुपर्ने कागाजतहरु : क) शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि २/२ प्रति, (ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि २ प्रति
उपयुक्त बमोजिमको योग्यता भएका इच्छुक उम्मेद्वारहरुले हस्तलिखित निवेदनका साथै उल्लेखित कागजातहरु फाइलमा संलग्न राखी पेश गर्नुपर्नेछ।

*नोटः आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा परेमा विद्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।*

– टंकप्रसाद आचार्य : प्रधानाध्यापक

## हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड-४ को
# परीक्षा हुने बारेको सूचना

हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-४ झापाको मिति २०७८-०५-१९ का दिन आह्वान गरिएको कर्मचारी आवश्यकता सम्बन्धि तपशिलका बिज्ञापनहरुको **कम्प्युटर तथा प्रविधि प्रयोग परीक्षा** तपशिल बमोजिम हुने भएकोले सम्पूर्ण आवेदकहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

मिति : २०७८।०६।०७

| क्र.स. | विज्ञापन नं. | पद | श्रेणी | तह | मिति | परीक्षाको स्थान | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ००५-२०७८/०७९ | सञ्चालन प्रमुख | सहायक द्वितीय | चौथो | २०७८।०६।१० | संस्थाको मुख्य कार्यालय | बिहान ९ बजेदेखि | |
| २ | ००६-२०७८/०७९ | कनिष्ठ सहायक (सूचना प्रविधि) | | दोस्रो | २०७८।०६।१० | | दिउसो १२ बजेदेखि | |
| ३ | ००७-२०७८/०७९ | सहायक (सूचना प्रविधि) | | तेस्रो | २०७८।०६।१० | | बिहान ३ बजेदेखि | |
| ४ | ००४-२०७८/०७९ | सहायक (ऋण र लेखा) | | तेस्रो | २०७८।०६।११ | होटल साई प्यालेस (भद्रपुर बस स्टेण्ड पश्चिम पट्टि) | बिहान ९ बजेदेखि | रोल नं.४०२८ देखि ४१०१ सम्म |
| ५ | ००३-२०७८/०७९ | कनिष्ठ सहायक (ऋण, लेखा, नगद) | | दोस्रो | २०७८।०६।११ | | | रोल नं.३१०२ देखि ३२५५ सम्म |
| ६ | ००३-२०७८/०७९ | | | | २०७८।०६।१२ | | | रोल नं.३२५६ देखि ३४९० सम्म |
| ७ | ००३-२०७८/०७९ | | | | २०७८।०६।१३ | | | रोल नं.३४९१ देखि ३७२१ सम्म |

नोट : (१) सम्पूर्ण आवेदकहरुले परीक्षामा सामेल हुँदा सूचनामा तोकिए बमोजिम आफूले दरखास्त दिएको विज्ञापन नं.को लागि आवश्यक सम्पूर्ण कागजातहरुलाई नेपाली रेकर्ड फाइलमा क्रमबद्ध रुपमा मिलाई बाहिरपट्टि अनिवार्य रुपमा नेपालीमा कम्प्युटर टाइप गरी आफूले आवेदन गरेको पदको विज्ञापन नं., पद, श्रेणी र तह, नाम, थर, ठेगाना, सम्पर्क नं. प्रिन्ट गरेर फाइल गरी साथमा लिएर आउनु पर्नेछ।
(२) परीक्षाको प्रवेशपत्र (Admit Card) प्राप्त गर्न www.hamronepalcoop.com.np मा भएको online Vacancy बाट आफूले फारम भर्दा प्रयोग गरेको user ID र Password प्रयोग गरी login गरे पछि तहाँबाट डाउनलोड गरी प्रिन्ट गरेर अनिवार्य साथमा लिएर आउनु पर्नेछ। प्रवेशपत्र साथमा नभए परीक्षामा सामेल गराइने छैन।
(३) तोकिएको विज्ञापनको परीक्षाका लागि तोकिएको स्थानमा समयमा नै उपस्थित हुनुपर्नेछ। परीक्षा आफ्नो रोल नं. को क्रम अनुसार हुनेछ। तसर्थ आफ्नो रोल नं. अनुसार उपस्थित हुन अनुरोध छ।
(४) थप जानकारीका लागि ०२३-५४५३५५, ९८०१४२५७७७, ९८०१४२५७००, ९८०१४२५८०० मा सम्पर्क राख्न सक्नु हुनेछ।

-पदपूर्ति उपसमिति

## निक्षेप रकम उपर हकदावी गर्न आउने
# ३५ दिने सूचना

गुमानध्वज राईको नाति, अचलमान राईको छोरा, १ नं. प्रदेश, झापा जिल्ला, अर्जुनधारा नगरपालिका वडा नं.०१ बस्ने अम्बरबहादुर राईले यस शाखामा बचत खाता नं. १८२१५२४१४१०४०५ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०७७/०८/१३ मा निज खातावाला अम्बरबहादुर राईको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको पत्नी नाता पर्ने दिलकुमारी लिम्बूले मृत्युदर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक अम्बरबहादुर राईको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको बिर्तामोड शाखामा आउनु होला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दाबी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लि
बिर्तामोड शाखा,
फोन नम्बरः- ०२३-५३०९१०
फ्याक्सः- ०२३-५३०४८१

## निक्षेप रकम उपर हकदावी गर्न आउने
# ३५ दिने सूचना

कृपाहाङ लिम्बूको नाति, बलबहादुर लिम्बूको छोरा, १ नं. प्रदेश, झापा जिल्ला, अर्जुनधारा नगरपालिका वडा नं. -११ बस्ने नरबहादुर लिम्बूले यस शाखामा बचत खाता नं. १८२१५२४१४१२०५६ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०७८/०२/२२ मा निज खातावाला नरबहादुर लिम्बूको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकका छोरा नाता पर्ने पुजन लिम्बूले मृत्युदर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक नरबहादुर लिम्बूको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको बिर्तामोड शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दाबी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लि.
बिर्तामोड शाखा,
फोन नम्बर ०२३-५३०९१०
फ्याक्सः- ०२३-५३०४८१

## निक्षेप रकम उपर हकदावी गर्न आउने
# ३५ दिने सूचना

सन्तवीर गुरुङको नातिनी, अमृतबहादुर गुरुङकी छोरी, १ नं. प्रदेश, झापा जिल्ला, अजुर्नधारा नगरपालिका वडा नं. ११ बस्ने धनमाया गुरुङले यस शाखामा बचत खाता नं. १८२१५२४१४१०११० सञ्चालन गर्दै आउनु भएकोमा मिति २०७८/०४/०५ मा निज खातावाला धनमाया गुरुङको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकका पति नाता पर्ने रामबहादुर गुरुङले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक धनमाया गुरुङको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको बिर्तामोड शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दाबी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एस बि आई बैंक लि
बिर्तामोड शाखा,
फोन नम्बर ०२३-५३०९१०
फ्याक्सः- ०२३-५३०४८१

## श्री नयाँ श्रीनाथ गण
चारआली ब्यारेक, झापा
# विद्युतीय बोलपत्र (e-GP) आह्वानको सूचना

*(प्रथमपटक प्रकाशन मिति २०७८/०६/०७ गते)*

श्री नयाँ श्रीनाथ गणमा निम्न लिखित कार्य गर्नुपर्ने भएकोले विद्युतीय दरभाउ पत्र e-Gp को प्रणालीबाट ठेक्का लिन इच्छुक संस्था वा कम्पनीका लागि यो सिलबन्दी दरभाउ पत्र आह्वानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै बिस्तृत जानकारी र दरभाउ पत्र प्रस्ताव पेश गर्नको लागि www.bolpatra.gov.np/egp मा हेर्न सकिने छ।

| सि. नं. | विवरण | दरभाउ पत्र दस्तुर | म्याद | दरभाउ पत्र जमानत पेश गर्नुपर्ने अंक | दरभाउ पत्र जमानत मान्य अवधी | कै. |
|---|---|---|---|---|---|---|
| १. | Gravelling and Cross drainage works (Charali barrack road Upgrading) | १०००।०० | १५ दिन | ५०,०००।०० | ७५ दिन | |

अमरजंग थापा : प्रमुख सेनानी गणपति


## उपकार ब्राण्ड
अब हर घरको शान
स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस् ।
नटराज एग्रो प्रा. लि. ढमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३

## अब बिर्तामोडमा घर-घरमै स्वास्थ्य सेवा
# VARANNYA HEALTHCARE AT HOME

**तपाईंको स्वास्थ्य सेवामा नौलो प्रयोग !**
**के यो सम्भव छ ?**
*यसलाई सम्भव र सफल बनाउने हाम्रो सपना र प्रतिबद्धता*

- तपाईं सूचना दिनुहोस् हामी तपाईंका रोग सम्बन्धी विशेषज्ञ डाक्टरका साथ घरमै आएर उपचारमा संलग्न हुनेछौं।
- उपचारको पहिलो चरणमा अस्पताल धाउनु पर्ने र अनेक झन्झटबाट मुक्त गर्नेछौं।
- तपाईंको उपचार सेवाका बारेमा आवश्यक प्राथमिक उपचार, परामर्श तथा विशेषज्ञ सेवाका लागि हामी तत्पर छौं।

**उपलबध हुने सेवाहरु**
- चिकित्सकीय सेवा
- ल्याब सेवा
- कोभिड-१९ सम्बन्धी सेवा
- नर्सिङ सेवा
- फिजियोथेरापी सेवा

तपाईहरुको सेवामा समर्पित
**वरेण्य हेल्थकेयर सर्भिस क्लिनिक प्रा.लि.**
बिर्तामोड-१, झापा (सम्पर्क नं. ९८२४०६६०५२)

*उल्लेखित सेवा बाहेक हाल महामारीको रुपमा रहेको कोभिड-१९ को संक्रमणविरुद्धको हाम्रो अभियान अन्तर्गत निम्न सेवाहरूका लागि पनि हामी प्रतिबद्ध छौं।*

- रुघा, खोकी, झाडापखाला, जिउ दुख्ने जस्ता लक्षण देखिएमा कोभिड-१९ को संक्रमण हुनसक्छ। यस्तोमा Home Care Management अन्तर्गत प्रदान गरिने सहज सेवाहरु :
- RAT Antigen Test अथवा PCR Test, रगतको परीक्षण, एक्स-रे, सीटी स्क्यान (CT-Scan)
- उल्लेखित सेवामा विज्ञ चिकित्सकको निगरानी तथा Paramedical Team द्वारा घरदैलोमा सेवा।

*रिपोर्ट पोजेटिभ आए :*
होम आइसोलेसन प्याकेज अन्तर्गत :
- डाक्टर (M.O.) Visit
- कन्सलेन्ट डाक्टरको परामर्श सेवा
- विज्ञद्वारा कोभिड सुरक्षा शिक्षा
- विज्ञद्वारा पोषण शिक्षा
- डाक्टरद्वारा Home Isolation Support का लागि प्रत्यक्ष सेवा।

**Post-Covid Management**
कोभिड उपचारपछि अस्पतालबाट घर फिर्नु भएको छ र चिकित्सकीय सेवा आवश्यक छ भने डाक्टर, नर्स, पारामेडिकल तथा टेली कन्सल्टेन्ट सेवा
- पोस्ट कोभिड सुरक्षा सम्बन्धी शिक्षा
- पोषण सम्बन्धी सेवा

**VARANNYA HEALTHCARE SERVICE**
CLINIC Pvt. Ltd.
Birtamode-1, Jhapa, Nepal, Mob.9824066052


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# मौलिकता हराउने चिन्ता

**आधुनिकताको पछि दौडिने मानसिकताले जातीय पहिचान सङ्कटमा पर्दै गएको छ । धार्मिक तथा सांस्कृतिक सम्पदाले समृद्ध नेपालको पहिचानप्रति अझै उदासीन रहने हो भने हाम्रो अस्तित्व समाप्त हुन बेर लाग्दैन । दुई ठूला र शक्ति राष्ट्रहरूको बीच पूर्व-पश्चिम लाम्चो भएर रहेको सानो देश भएर पनि जातीय, भाषिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक तथा कलाकृतिका आधारमा हाम्रो विशिष्ट पहिचान छ । यहाँको भूगोलभित्र दुर्लभ प्रजातिका अनेक जीवजन्तु, चराचुरुङ्गी मात्र होइन वनस्पति पनि अटाएका छन् । भौगोलिक क्षेत्र अनुसार फरक-फरक वर्ण र जातिका मानिसको बसोबास, उनीहरूको भाषागत भिन्नता, रहनसहन र संस्कार संस्कृतिले नेपालकै अनुहार उज्यालिएको पनि छ । राजधानी काठमाडौं त्यहाँका आदिबासी नेवार जातिको परम्परागत चाडपर्व, रीतिरिवाज, संस्कृति, भेषभुषा र खासगरी वास्तु, चित्र र मूर्तिकलाले अद्वितीय छ । प्राचीन नेपालमै अरनिको जस्ता अद्भुत कलाकार जन्माएको काठमाडौं आज पनि लाखौं विदेशीको आकर्षणको केन्द्र बनिएकै छ ।**

**कलाकृति मै पर्दछ यहाँका मानिसले माटोमा जीवन खोज्ने कला । देशका विभिन्न भागमा छरिएर रहेका फलाम, काठ, कपडा र अन्य धातुमा जीवन खोज्ने र जीवन सान्ने शिल्पीहरूको कमी छैन यहाँ । तर, पछिल्लो समय आधुनिकता र भौतिकताको आकर्षणले हामीसँग भएको यो विशिष्टता मासिने डर बढेको छ । 'कस्तुरी विनाको खोजीमा' चारचौरास भौंतारिए जस्तै, नजिकको तीर्थ हेला भने जस्तै प्रकृति र सौन्दर्यको वास खोज्न हाम्रो नयाँ पुस्ता बिदेशिन थालेको छ । माटोका सामग्री बनाएर जीवन निर्वाह गर्नेहरू हुन् वा पौभा चित्र बनाउने चित्रकार, कपडामा जीवन खोज्ने सुचीकार हुन् वा धातुमा रमाउने कर्मकार अथवा पितापुर्खाको पेशालाई निरन्तरता दिएर नेपालको गौरव उच्च पार्ने शिल्पकार हुन् सबै-सबैले नेपाल र नेपालीको श्रीवृद्धिमा योगदान दिएका छन् । त्यही योगदानको व्याजले आजपर्यन्त हाम्रो पहिचान कायम राखेको छ । त्यसैले उनीहरूको समर्पित सेवा र योगदानको निरन्तरतालाई कायम राख्न स्थानीय सरकारले हौसलासँगै अनुदान वा सहुलियत दिन जरूरी छ ।**

**झापाको हल्दीबारीमा बसोबास गर्दै आएका माटोमा कला पोख्ने कुमाल जाति यतिबेला जातीय पेशा लोप हुने चिन्ताले पिरोलिएको समाचार आएको छ । स्थानीय जङ्गल छेउ बस्दै आएका पच्चीस परिवारमध्ये धेरैले माटोका सामग्री बनाउने पेशा नै छाडिसकेका छन् । व्यवहारमा प्रयोग हुने त्यस्ता सामग्री बेचेर परिवारको गुजारा गर्दै आएका उनीहरू मध्ये बाँकी रहेका दुई परिवार पनि विस्थापनको मानसिकतामा छन् । पणित भनिने कुमाल जाति माटोबाट विभिन्न सामग्री निर्माण गर्दै दैनिकी चलाइरहेका थिए । उत्पादित वस्तु शहरबजारमा बेच्दै आएका उनीहरूलाई संरक्षण गर्नु सरकारको दायित्व हो । विविधतामा सृजना र सृजनामा पहिचान कायम गरेको नेपाल र नेपालीको गौरव कायम राख्न संघीय सरकारले पनि पहल गर्नुपर्छ । यस्ता अनेकन सम्पदा र शिल्पले समुन्नत हाम्रो समाजलाई परम्परा र आधुनिकताको यथोचित उपयोगबाट 'सुनमा सुगन्ध' थप्न सकिन्छ । अरूको नक्कल गर्नुभन्दा मौलिकताभित्रै आधुनिकता प्रयोग गर्नु बुद्धिमानी हुन्छ, यसतर्फ जिम्मेवार निकायको ध्यान जाओस् ।**

# निर्वाचन पछि फेरिएला कांग्रेस ?

कृष्णप्रसाद ढकाल

'सबै नेपालीको एउटा सानो घर होस् । एउटा दुहुने गाई होस् । छोराछोरी स्कूल पढ्न पाउन् । यही हो नेपालको सन्दर्भमा समाजवाद ।' -वीपी कोइरालाको परिकल्पना थियो ।

अंग्रेज उपनिवेशबाट भारत स्वतन्त्र भएसँगै विपि कोइरालासहितका नेताहरुले नेपालमा पनि राणा शासन अन्त्य गर्न सकिने विश्लेषण गरी केही उत्साही युवाहरुको सहयोगमा २००३ साल कात्तिक १५ मा देवीप्रसाद सापकोटाको सभापतित्वमा 'अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेस'को प्रथम अधिवेशन गऱ्यो । जसमा उपसभापति बालचन्द्र शर्मा, महामन्त्री कृष्णप्रसाद उपाध्याय, प्रचारमन्त्री गोपालप्रसाद उपाध्याय र वीपी कोइराला सङ्गठन संयोजक थिए । यसको चार महिनापछि १२ माघ २००३ मा प्रजापरिषद्मा आवद्ध गणेशमान सिंहको प्रस्तावमा नेपालको जेलमा रहेका टंकप्रसाद आचार्यको अध्यक्षतामा 'नेपाली राष्ट्रिय कांग्रेस'को स्थापना गरे, त्यस प्रस्तावलाई स्वीकार्दै वीपी कोइराला कार्यवाहक अध्यक्ष भए । डिल्लीरमण रेग्मी प्रचारमन्त्री, बालचन्द्र शर्मा महासचिव र सदस्यहरुमा गोपालप्रसाद उपाध्याय, कृष्णप्रसाद उपाध्याय र रुद्रप्रसाद गिरी भए ।

नेपालमा राजाको मुक्ति र जनराज्यको स्थापना गर्ने उद्देश्यले 'नेपाल प्रजातान्त्रिक कांग्रेस'ले १५ पुस २००५ मा पहिलो अधिवेशन गऱ्यो, जसले महेन्द्रविक्रम शाहलाई सभापति, सूर्यप्रसाद उपाध्यायलाई महामन्त्री, प्रेमबहादुर कंसाकारलाई सहमहामन्त्री, सुवर्ण शम्सेर र महावीर शम्सेरलाई यसको नेता निर्वाचित गऱ्यो । २००६ साल चैत्र १४ गते नेपाल प्रजातान्त्रिक कांग्रेस र नेपाली राष्ट्रिय कांग्रेस कोइराला समूहका अध्यक्षले पार्टी एकीकरणको आवश्यकता देखाएर वक्तव्य सार्वजनिक गरी चैत्र २७ गतेबाट भएको सम्मेलनले दुबै पार्टीलाई एक गरी 'नेपाली कांग्रेस' नामकरण गऱ्यो ।

'राष्ट्रियता भनेको माटो मात्र होइन, राष्ट्रियता भनेको जनता, जनताका समस्या ती समस्यालाई समाधान गर्ने प्रयत्न र ती प्रयत्नले उब्जाएको एकताको भावना नै राष्ट्रियता हो' वीपी कोइरालाको अर्को परिकल्पना । १३औं महाधिवेशनबाट नेपाली कांग्रेसको सभापतिमा निर्वाचित भएपछि शेरबहादुर देउवाले नेपाली कांग्रेस पार्टीभित्र गुटको अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । उनको साढे पाँच बर्षे कार्यकालमा अझ मलजल बढेर झाङ्गिनाले यतिबेला वडाअधिवेशनमा छताछुल्ल भएर पोखियो । कांग्रेसको दर्शन खुला, स्वतन्त्र,

स्वविवेक अनुसार निर्णय गर्न सक्ने, व्यक्तिलाई स्वतन्त्र छनौटको अधिकार हुने भन्ने हो । तर, वडा अधिवेशनका अधिकांश ठाउँमा सस्थापन र इतर पक्ष आफैं प्रतिस्पर्धामा उत्रिँदा प्रचार-प्रसारभन्दा अनेकौं दाउपेच मौलाउन पुग्यो । आवश्यक संख्या छाडेर आफ्नोमा मात्र संकेत चिन्ह देखाउने लगायतका अर्को दलसँगको चुनावी प्रतिस्पर्धामा भिडेकोभन्दा तुच्छ र निकृष्ट प्रविधि वडा अधिवेशनमा सीमा नाघेका भान हुन्थे । आफ्नै घरभित्रको बिषय मानेर स्वस्थ प्रतिस्पर्धातर्फ उन्मुख हुन दिनुपर्नेमा आफूलाई मन नपरेकालाई अनेकौं दाउपेच अपनाई चुनावी मैदानबाट गिराउन गरिएका विधिहरु र गुटको हैसियत अनुसार स्थानको भागबण्डा पार्टी हित विपरीतका थिए ।

पार्टी संगठन निर्माणमा लामो समयदेखि पुऱ्याएको सक्रियता र पार्टीमा स्वच्छ छवि बनाएका नेता र कार्यकर्ता गुटमा समावेश नभएकाकारण वडाबाटै क्षेत्रीय प्रतिनिधि आउनबाट रोकिए । कांग्रेसमा अनुशासन, सङ्गठन लगायतका विभागहरुको अभावबाट हौसियका यस प्रकारका जत्थाहरुलाई समयमै कमजोर गराई निर्मूलिकरण गर्ने प्रक्रियाको व्यवस्थापन अब पार्टीको काँधमा आएको प्रष्ट छ ।

नयाँ पुस्ताको नेतृत्वको कुरा गर्ने तर पार्टी सङ्गठनलाई पुरानै सोच र शैलीले अघि बढाउन चाहने प्रवृत्तिलाई निरुत्साहित गर्न पनि कांग्रेसलाई कठिन देखिन्छ । समाजवादी चिन्तन र सिद्धान्त छाडेर नीतिभन्दा नेतामुखी हुँदै गरेको कांग्रेसलाई नीतिमुखी बनाउन र नेतालाई अधिनायकवादी र स्वेच्छाचारी नभएर, लोकतन्त्रवादी हुन र भएर समाजिक रुपान्तरणमा अग्रसर गराउन कार्यकर्ताले दवाब सृजना गर्न अत्यावश्यक छ । प्रजातान्त्रिक समाजवादको उद्देश्यबाट स्थापित नेपाली कांग्रेसको यात्राक्रमले निकै आरोह-अवरोह व्यहोरेको छ । १३औं महाधिवेशनमा कायम रहेका क्रियाशील सदस्यको सतप्रतिशत नयाँ सदस्यता बाँडेर कांग्रेसले अहिले आठ लाख ३० हजार क्रियाशील सदस्यता पुऱ्याउने अठोट बनाएको हो । चौवन्नी सदस्य भनेर वितरीत सदस्यताको परम्परा समयको बहावले २०४६ सालपछि क्रियाशील सदस्य हुँदै महाधिवेशन, महासमिति मार्फत नेतृत्व चयन परम्पराको थालनी भएको छ ।

निर्वाचनका कुनै एक चरणमा कसैलाई एकपटक भोट हालिदिएपछि आफ्नो जिम्मेवारी सकिएको ठान्ने क्रियाशील सदस्यहरुको ठम्याइलाई निरन्तर क्रियाशील गराउने नीति निर्माण आवश्यक छ । नेताले चाहेको व्यक्तिले पार्टीको क्रियाशील सदस्यता पाउने र तिनै क्रियाशील सदस्यहरुले पार्टीको तल देखि माथिसम्मको नेतृत्व चयन गर्ने कांग्रेसको व्यवस्थालाई अब पुनर्विचार गर्नुपर्ने आँकलन हुन थालेको छ । आफैंले सक्रिय सदस्यता वितरण गरी भोटर बनाउने अनि तिनै भोटरबाट निर्वाचित हुन चुनावी मैदानमा उत्रिने बिषय र प्रक्रिया कति स्वभाविक र सान्दर्भिक भन्ने प्रश्न उठ्ने गरेको छ ।

कांग्रेसले अधिवेशन पछि बृहत्तर छलफल गरी पार्टीले तोकेको शर्तमा रहने गरी वा पूरा गर्ने जो कोहीले पनि सदस्यता लिनसक्ने व्यवस्था मिलाउन सके समय सान्दर्भिक हुनसक्ला नत्र निर्वाचनका संघारमा पाइला राख्दा नै सर्धैं सक्रिय सदस्यता वितरण विवादका चर्चा र मुद्दाहरु उठिरहने र देखिइरहने छन् ।

यसै धर्तीका प्राचीन नेतृत्वहरु मानदेव, जयस्थिति मल्ल, प्रतापमल्ल, पृथ्वीनारायण शाह, जङ्गबहादुरहरु अनेकौं कृतिका कारण मरेर पनि जिउँदै लाग्छन् । २०४६ सालपछि जनताले नेताहरुबाट यही आशा गरेका थिए । जनताले भोट जिताएपछि म १० देखि ५ बजेसम्म काम गर्ने तलबी कर्मचारी होइन मैले देश र जनताको सेवा गर्न पाउने महान अवसर र जिम्मेवारी पाएँ होइन, बल्ल मौका पाएँ भन्ने सोचमा परिवर्तन आउन सकेन । मुलुकका विगतका महान नेताहरुको सस्मरण गर्न इतिहासका पानाहरु नै पल्टिएनन् । नेपाली कांग्रेसको १४औं महाधिवेशनले बृहद् छलफलपछि सम्पूर्ण केन्द्रीय बिभागहरुको निर्माणसँगै देश र जनताप्रति समर्पित भावना उजागार गराउन सक्षम केन्द्रीय समिति निर्माण गर्नसकोस् हार्दिक शुभकामना ।

कांग्रेस महाधिवेशन

# कमल गाउँ सभापतिमा त्रिपक्षीय भिडन्त

□ उमानाथ भण्डारी

**कमल, असोज ७।** नेपाली कांग्रेसको १४औं महाधिवेशन अन्तर्गत गाउँ कार्यसमितीको चुनाव यही मंसीर ९ गते देशव्यापी रुपमा हुँदैछ ।

गाउँ, केन्द्र हुँदै हरेक गल्ली र चिया पसलमा महाधिवेशनका बारेका चर्चा हुने गरेको छ । उम्मेदवारमध्ये आफ्ना-आफ्ना पक्षका उम्मेद्वारलाई जिताउन कांग्रेसका महाधिवेशन प्रतिनिधि लागीपरेका छन् ।

त्यसैगरी झापाको कमल गाउँपालिकामा पनि कांग्रेसको गाउँ कार्यसमितिको चुनावले माहोल तताएको छ । गाउँ सभापतिमा उम्मेद्वार घोषणा गरेका पाँच जनामध्ये यो समाचार तयार पार्दासम्म दुई जनाले आ-आफ्ना नजिकका उम्मेद्वारलाई समर्थन गरेर आफ्नो उम्मेद्वार फिर्ता लिइसकेका छन् । अब कमलमा कांग्रेसका तीन जना उम्मेद्वार बीच गाउँ सभापतिमा कडा प्रतिस्पर्धा हुने देखिएको छ ।

**खगेन भण्डारी : कमल गाउँ सभापति**

'हिजो म तत्कालीन तोपगाछी गाविस हुँदाको सभापति हूँ । राज्य पुनर्संरचना भएसँगै तत्कालीन लखनपुर गाविस मिलेर कमल गाउँपालिका बनेपछि म नै सभापति भएको छु । यस्तो

खगेन भण्डारी

बुद्धिराज न्यौपाने

प्रमोद दाहाल

असहज परिस्थितीमा हिजोका दिनमा पार्टीलाई यहाँसम्म ल्याएको छु, कमलमा पार्टीले गर्नुपर्ने धेरै काम बाँकी छन् ।' आफू सभापतिमा निर्वाचित भएमा ती सबै काम पूरा गर्ने भण्डारीले बताए ।

'त्यसैगरी पार्टीभित्र भएको गुटको अन्त्य गर्नेछु । आज पार्टीमा क्रियाशीलताभन्दा पनि पैसाको बलमा नेतृत्वमा पुग्ने होडबाजी मौलाउँदै गएको छ, यसको अन्त्य हुन आवश्यक छ । हार्डवेयर र सफ्टवेर सँगसँगै विचारको राजनीतिलाई अगाडि बढाउन आवश्यक रहेको सन्दर्भमा म लाग्नेछु' भन्दै उनले आउने स्थानीय तहको चुनावमा पार्टीलाई जिताउन समेत आफ्नो महत्वपूर्ण भूमिका रहने बताए ।

**बुद्धिराज न्यौपाने : सभापतिको उम्मेद्वार**

दशकौंदेखि पार्टीको महत्वपूर्ण जिम्मेवारी सम्हाली सकेका बुद्धीराज न्यौपाने पार्टीको केन्द्रीय नेतृत्वप्रति असन्तुष्ट रहेका छन् । 'अहिलेको यस्तो परिस्थितीमा यथास्थितीवाद पार्टी नचल्ने भएकोले अब नेतृत्व परिवर्तन हुनुपर्छ भन्ने मेरो मान्यता हो । पार्टीभित्रको बेथिती अत्य हुनुपर्छ र पार्टीमा युवालाई नेतृत्व दिनुपर्छ ।' - उनले भने । यसका साथै सहकार्य, सहमति र एकताका साथ अगाडि बढ्न आवश्यक रहेको न्यौपानेले जानकारी दिए । केन्द्रदेखि गाउँसम्म पार्टी थला परेको उनको भनाइ छ । यसलाई उपचार गरेर ठिक ठाउँमा ल्याउन आफ्नो उम्मेद्वारी रहेको उनले बताए ।

**प्रमोद दाहाल : सभापतिको उम्मेद्वार**

२०४४ सालमा विद्यार्थी जीवनदेखि नै राजनीतिमा लागेका प्रमोद दाहाल अहिलेको पार्टी नेतृत्वबाट असन्तुष्ट रहेका छन् । पुराना नेताले पार्टीलाई सही तरिकाले हाँक्न नसककाले आज पार्टीले क्षति व्यहोर्नु परेको बताए । अब यसरी पार्टी चल्न नसक्ने भएर नै युवाले नेतृत्व लिन लागेको दाहालले बताए । 'समय अनुसार युवा पुस्तामा नेतृत्व आउनुपर्छ । सर्धैंभरि ज्येष्ठले मात्र नेतृत्व गरेर हुँदैन हिजोको जस्तो राजनीति गराइले अब देश र पार्टी चल्दैन । अब व्यक्तिभन्दा सामुहिक निर्णयबाट अगाडि बढ्न आवश्यक रहेको छ ।'- उनले बताए ।

त्यसैगरी समाचार तायर पार्दासम्म गाउँ उपसभापतिको आकांक्षीमा केदार कटुवाल ( १ नम्वर वडा अध्यक्ष) लोकनाथ खनाल, चन्द्र गौतम (सुमन) र पदम निरौला तथा सचिवमा हेम दाहाल र त्रिलोचन आचार्य रहेको जानकारी प्राप्त भएको छ ।

# अर्जुनधाराको बजेट ७५ करोड ५२ लाखभन्दा बढी

**अर्जुनधारा, असोज ७।** अर्जुनधारा नगरपालिकाले चालू आर्थिक वर्ष २०७८/०७९ को लागि अनुमानित ७५ करोड ५२ लाख ५३ हजार दुई सय ३० रुपैयाँको बजेट सार्वजनिक गरेको छ ।

नगरपालिकाद्वारा आयोजित चालू आर्थिक वर्षको स्वीकृत वार्षिक नीति तथा कार्यक्रम र बजेट सार्वजनिकीकरण कार्यक्रममा उक्त बजेट सार्वजनिक गरिएको हो ।

सो अनुमानित बजेट मध्ये नेपाल सरकारबाट ४७ करोड ७१ लाख रुपैयाँ, प्रदेश सरकारबाट तीन करोड ५७ लाख २५ हजार रुपैयाँ, राजश्व बाँडफाँडबाट १८ करोड ७४ लाख २८ हजार दुई सय ३० रुपैयाँ र आन्तरिक आयाबाट पाँच करोड ५० लाख रुपैयाँ विनियोजन हुने सार्वजनिक गरिएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

उक्त बजेट नीति तथा कार्यक्रमको प्राथमिकतामा कोभिड-१९ को महामारीबाट नगरवासीको जीवन रक्षा गरिने, सर्वसुलभ रुपमा स्वास्थ्य सेवा उपलब्ध गराइने, विकास निर्माणका कार्यलाई तिव्रता साथ निरन्तरता दिइने, आर्थिक तथा सामाजिक रुपले पछाडि परेका क्षेत्र, वर्ग, समुदायको उत्थानका निम्ति विशेष कार्यक्रम सञ्चालन गरिने, गरिबी न्यूनीकरणका लागि सार्वजनिक नीजि सहकारी अवधारणा अनुरुप स्रोत तथा साधान परिचालन गरिने लगायत रहेको छ ।

नगर प्रमुख हरिकुमार रानाको अध्यक्षतामा भएको कार्यक्रममा माओवादी केन्द्रका अम्बिका फूयाल, अर्जुनधारा प्रेस क्लबका अध्यक्ष कुमार भट्टराई, ज्येष्ठ नागरिक रामप्रसाद भट्टराई लगायतले मन्तव्य राखेका थिए । उपप्रमुख कमला खतिवडा आचार्यले स्वागत गरेको कार्यक्रमको सञ्चालन खरिदार सौजन कटुवालले गरेका थिए ।

# बालुबाडीमा चन्द्रमणि भट्टराई स्मृति कार्यक्रम

**दमक, असोज ७।** तत्कालीन नेकपा माओवादीले हत्या गरेको बालुबाडी गाविसका तत्कालीन अध्यक्ष चन्द्रमणि भट्टराईको कचनकवल-७ बालुबाडीमा स्मृति कार्यक्रम सम्पन्न भएको छ ।

१८ बर्षअघि २०६० सालमा तत्कालीन गाविस अध्यक्ष तथा नेपाली कांग्रेसका महासमिति सदस्य चन्द्रमणि भट्टराईको माओवादीले घरमै गोली हानी हत्या गरेका थिए । उनको स्मृतिमा स्थापित चन्द्रमणि भट्टराई स्मृति प्रतिष्ठानले कार्यक्रम सम्पन्न गरेको हो ।

नेपाली कांग्रेस पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कांग्रेस झापा जिल्ला

उपसभापति राम कट्टेल, क्षेत्रीय सभापति गणेश पोखरेल, पार्टी नेता भारतेन्दुकुमार मल्लिक लगायतले बोलेका थिए ।

प्रतिष्ठान अध्यक्ष स्वर्गीय चन्द्रमणिकी धर्मपत्नी सीतादेवी भट्टराईको अध्यक्षता र चन्द्रमणिका सहकर्मी साथै पार्टीका तत्कालीन गाउँ सभापति मित्रप्रसाद भट्टराईले स्वागत गरेको कार्यक्रममा पार्टीका स्थानीय नेता कार्यकर्ताको उल्लेख्य सहभागिता रहेको थियो ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्याराालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## कर्मचारी आवश्यकता

यस कार्यालयलाई केही कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

**पद** : अफिस कर्मचारी
**संख्या** : केही
**तलब** : १५,०००/-
**योग्यता** : SEE वा +2 सो सरह
**कागजात** : शैक्षिक योग्यता, प्रमाणपत्र, नागरिकता, pp साइज फोटो

सम्पर्क: ९८६६६७२५७९, ९८२५३५८७९६
बिर्तामोड-५, शनिश्चरेरोड

## कर्मचारी तु-आवश्यकता

ग्रेट फ्युचर मार्ट कम्पनी बिर्तामोडमा केही कर्मचारी आवश्यक परेकाले इच्छुक व्यक्तिले दरखास्त दिनुहोला ।

पद: **कार्यालय सहायक**
**संख्या:** ६ जना (महिला/पुरुष)
**योग्यता:** +२ वा सो सरह
**तलब:** १३,६०० सम्म

**सम्पर्क: G.F.M.** कार्यालय, बिर्तामोड-४, भद्रपुर स्टेण्ड (झापा)
9817930772/ 9814397340

नोट: सञ्चयकोष । यातायात । दशैं बोनसको व्यवस्था रहेको छ ।

## सेक्युरिटी गार्ड चाहियो

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५-५५ वर्ष (महिला/पुरुष)
**सम्पर्क :**
**सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.**
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
**फोन नं.** ९८१७९२६३२२, ९८५२६४१७४०,९८२४९८२२९६

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।

सम्पर्क: ०२३-५५२६२०
[redacted]३८१००

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

पानीटंकीको पहिलो गल्ली दायाँ साइड

सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

## दशैभन्दा अगाडी उड्न चाहनेलाई दुवईमा सेक्युरिटी गार्डमा रोजगार

भिषा एकहप्तामा प्राप्त हुनेछ ।

कम्पनी : FEDERAL SECURITY SERVICES LLC — शहर : DUBAI

पूर्वस्वीकृत मिति : २०७६/१०/१५ चलानी नं. ६०१५०७५२ L.T.NO. 231847 पून विज्ञापन

| सि नं. | कामदारको पद | मासिक तलब पुरुष | मासिक तलब महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब नेरू | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard/Guard | 31 | 02 | स.कामाम दक्ष | 1200 | ३८,३१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ बर्ष |

बेसिक सेलरी १२०० भएता पनि ओभरटाइम र एलाउन्ससहित १६०० देखि माथि AED हुनेछ ।
उचाइको हकमा : ५ फिट ३ इन्च माथि हुनु पर्नेछ । सामान्य अंग्रेजी बोल्न जान्ने हुनु पर्नेछ ।

**फाइनल अर्न्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट मेनपावरको शाखा कार्यालय बिर्तामोडमा असोज १२ गते, काठमाडौंमा १० गते र ११ गते जनप्रिय भान्सा घर पोखरामा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट मराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४. विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राष्ट्रीय पदेर मात्र सम्मतीता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठमिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुढबनरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ८०६/०६५/०६६

**शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.**
सामाखुसी, रिङरोड, काठमाडौं फोन नं.०१-४३८५६३३
शाखा कार्यालय बिर्तामोड, शनिश्चरेरोड फोन : ०२३-४३००६०, ४३०९१७
मो. ९८०१०३३९७४, ९८०१०३३९७५, ९८४२६२३८१३, ९८०३४६९१५८, ९८०१०२३८१३,९८०१०३३९७२

## कतारमा रोजगार 1. Qatar Security And Guarding Services Co.

पुनः बिज्ञापन । पूर्व स्वीकृती मितिः २०७७/०९/०९ चलानी नं.: ६०१५३९४४ LT No.: 235442

| सि नं. | कामदारको पद | माग सख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR. | मासिक तलब नेरू | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | GUARD | 30 | कामभा दक्ष | 1500 | ४८,३९९।- | क नि अनुसार | ८ घण्टा | ६ दिन | क नि अनुसार | छ | | २ बर्ष |

**असोज ९ गते (25 Sept. 2021) सि.पि. होटल एण्ड पार्टी प्यालेस बिर्तामोड झापामा**

**2. Touch For Cleaning Hospitality Trading**

पूर्व स्वीकृती मितिः २०७७/१२/२५ चलानी नं.: ६०१५६९१७ LT No.: 238745

| सि नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR. | मासिक तलब नेरू | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Gen. Cleaning Worker | 01 | कामभा दक्ष | 1000 | ३२,२६६।- | क नि अनुसार | ८ घण्टा | ६ दिन | क नि अनुसार | छ | | २ बर्ष |

**अन्तरवार्ता २०७८ असोज ६ गते (Sept. 22, 2021) यस प्रा. लि. कार्यालय कलंकीमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने नहुने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने रोजगारदाता कम्पनीले | कामदार आफैले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

**रकि ईन्टरनेशनल प्रा. लि.** श्रम ईजाजत न.५६४/०६२/०६३
कलंकी, काठमाडौं, फोन: ०१-५२२४५०२, ५२२४५०३, ९८४२४१६३६७
बिर्तामोड सम्पर्क :- ९८१६००९९७२, ९८०१४०२९७८

## UAE मा Taxi Driver हरूलाई रोजगार

Emirates Taxi

पूर्व स्वीकृति मितिः २०७८/०५/३१
चलानी नं. ६०१६३१८२
LT No.:245931

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब नेरू | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Taxi Driver | 100 | कामभा दक्ष | 1500 | ४८,०७०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**Driver हरुले कम्तिमा AED 3500 देखि 4000 भन्दा माथी कमाउन सकिनेछ ।**
नेपाली, UAE र GCC License भएकाहरुले सम्पर्क गर्नुहोला । उमेरः २३-४५ बर्ष सम्म

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०७८ असोज १०, ११, १२, १५, १६, १७, १८, १९, २०, २१ र २२ गते (Sept. 26, 27, 28, Oct. 1, 2, 3, 4, 5, 6, 7 & 8, 2021) यस प्रा. लि. को कार्यालय, सामाखुसी मा । तामा रेष्टुरेन्ट बिर्तामोड झापामा असोज १३ र १४ गते (Sept. 29 & 30) मा हुनेछ ।**

वैदेशिक रोजगार विभागबाट मराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्मतीतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठमिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुढबनरमा सम्पर्क राख्नुहोला ।

**FOREVER HUMAN RESOURCE SOLUTION PVT. LTD.** Govt. Lic: 1411/074/75
Tokha Road-10, Samakhushi, Ktm., Tel : 01-4953298, 4954685
Birtamod, Contact: 9824022601, 9801445553

**फर्म भर्ने मितिः २०७८ असोज ४ गतेदेखि १२ गतेसम्म मात्र। सबै देशको लाइसेन्स मान्यता रहनेछ।**

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DISCOVERY EMPLOYMENT SOLE PROPRIETORSHIP LL
पूर्व स्वीकृति मिति : २०७८/०६/०६ LT. No245832 चलानी नं. ६०१६३५२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING LABOURER | 150 | 0 | 800 | २५,५२५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |

**अन्तरवार्ता हुने स्थान र मितिः**
**झापा होटेल सि.पि.मा असोज १३ गते (29th Sep 2021) मा हुनेछ ।**
**संस्थाको कार्यालय काठमाडौंमा असोज १५ गते (1st Oct 2021 ) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७०० - कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैले सेवा शुल्क: नि:शुल्क

**HR International Pvt. Ltd.**
License No. : 1491/074/075
Maharajgunj, Kathmandu, Nepal
Tel : +977-01-4375699, 4375807 Mol N.:9807922334,9817946907
E-mail : info@hrintlnpl.com
बिर्तामोड समपर्क नरेश ढंगाल मो. ९८६२७७७०२३

## श्री सुनाखरी सामुदायिक वन उपभोक्ता समूह

माई नपा-४, इलाम

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

*प्रथमपटक प्रकाशित मिति : [redacted] ०८*

[redacted]न उपभोक्ता समूहको वनबाट उत्पादित गोलीया घाटगट्टीमा विभि[redacted]मा विभाजित निम्न परिमाणको काठ लिलाम बि[redacted]कोले [redacted]को मिति २०७७/०५/०२ को चन नं. २३५ लिलाम बिक्री सहमति[redacted] बिक्री गर्नुपर्ने भएकोले काठ जे-जस्तो अवस्थामा [redacted]मा [redacted]र्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघ-संस्था, फर्म वा कम्पनीले स[redacted]एको मितिले २१ दिनको सूचनामा कोही किन्न न[redacted] १५ [redacted]दालिख गर्न यो सूचना प्रकाशित गरिएको छ । पूर्ण व्यहोराको स[redacted]ा.व.उ. समूहको कार्यालयमा सम्पर्क राख्न हुन अ[redacted]

| [redacted] | स्तर (ग्रेड) ए | | बी | | | | सी | | जम्मा | | [redacted] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| [redacted] | माण (क्यू.फि.) | न्यूनतम मोल | थान | परिमाण (क्यू.फि.) | न्यूनतम मो[redacted] | (क्यू.फि.) | न्यूनतम मोल | थान | परिमाण (क्यू.फि.) | | |
| [redacted] | - | प्रचलित राजश्व | १२ | १०३.५९ | प्रचलित राज[redacted] | २९ | प्रचलित राजश्व | १५ | ११६.८८ | | |
| [redacted] | ७९.०२ | र स्थानीय | १३ | ११४.६३ | र स्थानीय | - | र स्थानीय | १९ | १९३.६५ | | |
| [redacted] | १२६.०७ | बजार मूल्यलाई | ४ | ३४.८९ | बजार मूल्यल[redacted] | .०६ | बजार मूल्यलाई | ४० | ३१३.०२ | | |
| [redacted] | १२५.०८ | आधाधर मानी | ८ | ६४.८९ | आधाधर मा[redacted] | .१४ | आधाधर मानी | २९ | २३५.४६ | | |

**श्री सुनाखरी सा. व. उ[redacted], माई नपा-४, इलाम**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** -
आम्दानी बढ्नाले उत्साह जाग्नेछ। व्यापारमा राम्रै फड्को मार्न सकिनेछ। राम्रो उपलब्धि हातलागी हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** -
पहिले रोकिएको काम बन्नेछ र जिम्मेवारी पनि बढ्न सक्छ। साझेदारीबाट मनग्गे लाभ मिल्नेछ। पारिवारिक आवश्यकता पूर्ति होला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** -
श्रमको उचित मूल्यांकन हुनेछ। सञ्चित धनको उपयोगबाट विशेष लाभ मिल्नेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** -
आफ्ना काममा अरूको मुख ताक्नाले पछि परिनेछ। उचित मूल्यांकन भए पनि मिहिनेतको प्रतिफल हात पार्न केही समय लाग्नेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** -
महत्वकांक्षा पूरा नहुनाले मन खिन्न रहनेछ। मेहनतले राम्रो परिणाम दिलाए पनि प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन्।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** -
काम सम्पादन भए पनि तत्काल धेरै आम्दानीको आशा नराख्नुहोला। पछि फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** -
सानो प्रयत्नले धेरैको भलाइ हुन सक्छ। चुनौतिहरू पन्छाउँदै चिताएको काम बनाउन सकिनेछ। रोकिएका काम सम्पादन हुने छन्।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** -
मेहनतले लक्ष्यमा पुऱ्याउनेछ। समाजमा विवादास्पद काम गर्नुपर्दा समस्यामा परिनेछ। इर्ष्यालु मन भएकाहरूले सताउने छन्।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** -
अरूका काममा धेरै समय व्यतीत गर्नुपर्नेछ। तापनि लगनशीलताले बिस्तारै उद्देश्यमा पुऱ्याउन सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** -
खर्च र चुनौतिको समय रहेको हुँदा अलि सजग रहनुपर्ला। पहिलेका समस्या दोहोरिनाले उत्साहपूर्वक काम गर्न नसकिएला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** -
गोपनीयता बाहिरिनाले पनि समस्या पर्न सक्छ। व्यायाम तथा आहारविहारमा ध्यान पुऱ्याउनुहोला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** -
फजुल खर्चले अर्थ संग्रहमा बाधा पुग्नेछ। अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धिले लक्ष्य पहिल्याउन सकिनेछ।